# नेपालगञ्ज राजपत्र

## नेपालगञ्ज उप-महानगरपालिकाद्धारा प्रकाशित

**खण्ड-५) नेपालगञ्ज, पौष १३ गते, २०७८ साल (संख्या- ५४**

### नेपालगञ्ज उप-महानगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको नगर कार्यपालिकाबाट सम्वत् २०७८ साल पौष १३ गते स्वीकृत गरेको नियम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७८ सालको नियम नं. ५४**
**प्रकाशित मिति : २०७८ चैत्र**

**नेपालगञ्ज उप-महानगरपालिकाको**
**टोलस्तरीय संस्थाहरुको गठन तथा सञ्चालन कार्यविधी, २०७८**

**प्रस्तावनाः**

स्थानीयस्तरमा सामुहिक भावनाको विकासका लागि वडा भित्रका निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सवै घरधुरी सदस्य रहने गरि स्थानीय स्तरमा वडा कार्यालयको सहयोगीका रुपमा टोलस्तरीय संस्था गठन गरि सामाजिक, आर्थिक तथा सुशासन प्रवर्द्धन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाको मिति २०७८।०९।१३ गते बसेको. बैठकले नेपालगंज उप-महानगरपालिका क्षेत्र भित्र गठन भई क्रियाशिल रहेका तथा अव गठन हुने टोलस्तरीय संस्थाका लागी **"टोलस्तरीय संस्थाहरुको गठन तथा सञ्चालन कार्यविधी, २०७८"** स्वीकृत गरिएको छ ।

**<u>परिच्छेद- १</u>**

**प्रारम्भिक**

**संक्षिप्त नाम, प्रारम्भ र उद्धेश्य**

१. यस कार्यविधीको नाम **"टोलस्तरीय संस्था गठन तथा सञ्चालन कार्यविधि, २०७८ "** रहेको छ ।

२. यो कार्यविधी नगर कार्यपालिकाबाट स्वीकृत भै राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :**

क. "उप-महानगरपालिका" भन्नाले नेपालगंज उप-महानगरपालिकालाई जनाउने छ ।

ख. "वडा कार्यालय" भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाको वडा कार्यालयलाई जनाउनेछ ।

ग. "कार्यविधी" भन्नाले **टोलस्तरीय संस्था गठन तथा सञ्चालन कार्यविधि, २०७८** लाई जनाउनेछ ।

घ. "टोल स्तरीय संस्था" भन्नाले यस कार्यविधीको को परिच्छेद- ४ बमोजिम नेपालगञ्ज उप-महानगर क्षेत्र भित्रका टोलहरुमा गठन हुने टोलस्तरीय संस्थालाई जनाउनेछ ।

ङ. टोलस्तरीय संस्थालाई अंग्रेजीमा Tole Lane Organization (TLO) भनिनेछ ।

च. "वडास्तरीय टोल समन्वय समिति" भन्नाले वडा भित्रका सवै टोलस्तरीय संस्थाहरुको प्रतिनीधित्वबाट गठन भएको वडास्तरीय टोल समन्वय समितिलाई जनाउनेछ ।

छ. “नगरस्तरीय टोल समन्वय समिति” भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाका सवै वडाबाट प्रतिनीधित्व रहने गरि गठन भएको नगरस्तरीय टोल समन्वय समितिलाई जनाउनेछ ।

ज. “विधान” भन्नाले यस कार्यविधीको परिच्छेद- ४ को दफा ९ मा व्यवस्था भए बमोजिम साधारण सभाले पारित गरी लागू गरेको टोलस्तरीय संस्थाको विधान लाई जनाउनेछ ।

झ. “कार्य समिति” भन्नाले टोलस्तरीय संस्थाको कार्य समितिलाई सम्झनु पर्दछ ।

ञ. “अध्यक्ष” भन्नाले कार्य समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

ट. “उपाध्यक्ष” भन्नाले कार्य समितिको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ठ. “सचिव” भन्नाले कार्य समितिको सचिवलाई सम्झनु पर्दछ ।

ड. “सह सचिव” भन्नाले कार्य समितिको सह-सचिवलाई सम्झनु पर्दछ ।

ढ. “कोषाध्यक्ष” भन्नाले कार्य समितिको कोषाध्यक्षलाई संझनु पर्दछ ।

ण. “सदस्य” भन्नाले टोलस्तरीय संस्थाको कार्यसमितिका सदस्यलाई जनाउदँछ ।

त. “साधारण सदस्य” भन्नाले गाऊ र टोल भित्र वसोवास गर्ने घरमूली वा घरको प्रतिनिधित्व गरि टोलस्तरीय संस्थामा आवद्ध हुने सम्पूर्ण घरधूरीलाई समेत जनाउनेछ ।

थ. “सभा” भन्नाले टोलस्तरीय संस्थाको साधारण सभालाई सम्झनु पर्दछ साथै समय-समयमा हुने विशेष साधारण सभा समेतलाई जनाउनेछ ।

द. “समिति तथा उप समिति” भन्नाले संस्थाको बिधान बमोजिम गठन गरिने विभिन्न समिति, उपसमिति लाई बुझाउनेछ ।

ध. “तोकिएको वा तोकिए बमोजिम” भन्नाले कार्यविधी बमोजिम तोकिएको जुनसुकै विषयलाई जनाउनेछ ।

४. **संस्थाको छाप र चिन्ह :** गोलाकार बृत्तभित्र माथिल्लो भागमा ....... ............ .. टोल स्तरीय संस्था र तल्लो भागमा नेपालगंज उप-महानगरपालिका वडा.नं..... .......बाँके लेखिएको टोलस्तरीय संस्थाको छाप हुनेछ ।

५. **उद्देश्य :** कर्तव्यमुखी अवधारणाको मूल मर्ममा रही वडा कार्यालयलाई सहयोग गर्ने र टोल क्षेत्रको सवैभन्दा नजिकको निकायका रुपमा टोलस्तरीय संस्था रहने गरि गठन गर्नु नै यसको मूल उद्धेश्य रहेको छ साथै अन्य उद्देश्यहरु देहाय बमोजिम छन् ।

क. टोल, वस्तीस्तरका विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीहरुको पहुँच अभिवृद्धि गर्ने ।

ख. टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने ।

ग. टोलबस्तीस्तरमा समानता, समताको भावना जागृत गराउन, आपसी सद्भाव र

मेलमिलाप कायम गराउने ।

घ. आर्थिक, सामाजिक तथा राजनीतिक सवालहरुमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने ।

ङ. टोलमा हुने विकास निर्माणका कार्यहरुमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने ।

च. बस्ती टोलस्तरमा सबै सरकारी तथा गैरसरकारी संस्थाहरुको प्रवेशद्धारको रुपमा टोलस्तरीय संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने ।

छ. टोलस्तरीय संस्थालाई वडा तह भन्दा तल्लो एकाइको रुपमा विकास गरी सहभागितामुलक योजना तर्जुमा, अनुगमन एवं मूल्यांकन प्रक्रियामा सहभागी गराउने ।

ज. टोलका घरधुरीहरुको विभिन्न प्रकारका तथ्य तथ्यांक अद्यावधिक गर्ने । साथै गरिबी सूचकांकको आधारमा टोलका सदस्यहरुको वर्गिकरण गरि अभिलेख तयार गर्ने ।

झ. टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्ने ।

ञ. वातावरणमैत्री टोल निर्माण गर्न आवश्यक सहयोग गर्ने ।

ट. वालमैत्री टोल बनाउन सहयोग गर्ने ।

ठ. टोल भित्र पर्ने पुरातात्विक तथा ऐतिहासिक सांस्कृतिक सम्पदा, सरकारी सम्पति, सार्वजनिक जग्गा लगायतको संरक्षण गर्न सहयोग गर्ने ।

ड. टोलस्तरीय संस्था भित्र सामाजिक पूंजिको जगेर्ना गर्दै भौतिक, आर्थिक, मानविय एवं वौद्धिक विकासका लागि कार्यरत रहने ।

ढ. दीगो विकासका अवधारणा अनुसार टोल क्षेत्र भित्रका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन आदि जस्ता कार्यहरुमा टोल भित्रका समुदायको सहभागिताको वृद्धि गराउंदै टोलवासीको जिवनस्तर उकास्न प्रयत्नरत रहने ।

ण. टोल क्षेत्रभित्र समुदायको चेतना अभिबृद्धि, क्षमता विकास, आर्थिक क्रियाकलाप, स्वास्थ्य र स्वच्छ वातावरण निर्माण आदिका क्षेत्रमा विभिन्न क्रियाकलापहरु संचालन गर्ने ।

त. मूल उद्धेश्य विपरित कार्य भए, गरेको पाईएमा त्यस्ता संस्थाहरु तत्काल विघटन गरि नयाँ प्रक्रियाद्धारा पुन: गठन गरिनेछ ।

**<u>परिच्छेद- २</u>**

**<u>सदस्यता</u>**

**६. सदस्यताको वर्गीकरण :**

**क. कार्यसमिति सदस्य :**

टोलस्तरीय संस्थाको साधारण सभाको सर्वसहमती बाट आएका पदाधिकारीहरु कार्यसमितिका सदस्य हुनेछन् ।

**ख. साधारण सदस्य :**

टोलस्तरीय संस्थाको विधान स्वीकार गर्ने टोल क्षेत्रका घरमूली वा प्रतिनिधि यस संस्थाको साधारण सदस्य हुनेछन् । साधारण सदस्य सम्मिलित व्यक्तिहरुको भेलालाई साधारण सभा भनिनेछ ।

**७. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

**क.** आफू बसोवास गर्ने टोलमा गठन हुने वा गठन भै सकेको टोलस्तरीय संस्थाको सदस्य बन्नको लागि सम्बन्धित टोलस्तरीय संस्थाको विधानमा तोकिएको सदस्यता शुल्क बुझाई सदस्यता प्राप्त गर्न सकिनेछ ।

**८. कार्य समितिको पदाधिकारी तथा अन्य सदस्यहरुको पद देहायको अवस्थामा स्वतः समाप्त हुनेछ ।**

क. आफ्नो पदबाट राजिनामा दिएमा ।

ख. सदस्यको मृत्यू भएमा ।

ग. बसाई सरि अन्यत्र गएमा ।

घ. मगज विग्रिए वा छ महिना भन्दा वढी समय निको नहुने गरि विरामी भएमा ।

ङ. टोलस्तरीय संस्थाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यले अविश्वासको प्रस्ताव पारित गरि हटाएमा ।

च. सार्वजनिक अपराधि धोषित भएमा ।

छ. संस्थाको चल,अचल सम्पति हिनामिना गरेमा ।

ज. फौजदारी अभियोग लागेको कानून बमोजिम प्रमाणित भएमा ।

झ. व्यक्तिगत शौचालयको व्यवस्था नगरेमा ।

ञ. आफ्ना सवै बालवालिकाको जन्मदर्ता नगरेको, बालश्रमीकको प्रयोग गरेमा वा उनीहरुलाई विद्यालयमा पढ्न नपठाएमा ।

## <u>परिच्छेद- ३</u>

## साधारण सभा र टोलस्तरीय संस्थाको गठन तथा दर्ता, काम, कर्तव्य र अधिकार

**९. साधारण सभा तथा टोलस्तरीय संस्थाको गठन**

१. टोलस्तरीय संस्थामा एकै वडा भित्र पर्ने एउटै टोलका न्यूनतम २५ घरधुरी सदस्य रहने र सो भन्दा माथिको हकमा सम्बन्धित वडा कार्यालयले तोके बमोजिम हुनेछ । वडा समितिले आफ्नो वडामा रहने टोलको संख्या, अधिकतम घरधुरी संख्या र सीमांकनको निर्णय गरेपछि टोलस्तरीय संस्था गठनको प्रक्रिया अगाडी बढ्नेछ ।

२. बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्र टोल तहमा रहेका घरपरिवारहरुका सदस्यहरुको साधारण सभाबाट सम्वन्धित वडा अध्यक्ष वा निजले खटाएका वडा सदस्यको उपस्थितीमा टोलस्तरीय संस्थाको गठन गरिनेछ । यसरी गठन गर्नुपूर्व यस कार्यविधीको अनुसूची - १ मा तोकिएको टोलस्तरीय संस्था गठनका लागि निर्धारण गरिएको विधानलाई पारित गरेमा मात्र गठनको प्रक्रिया अघि बढनेछ ।

३. टोलस्तरीय संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन् ।
(क) अध्यक्ष- १ जना (ख) उपाध्यक्ष- १ जना (ग) सचिव- १ जना (घ) सह-सचिव- १ जना (ड.) कोषाध्यक्ष- १ जना (च) सदस्यहरु- ६ जना समेत जम्मा ११ जना ।

४. टोलस्तरीय संस्थाको व्यापक उपस्थितिमा साधारण सभाको भेलाबाट आफ्नो टोल भित्रको कामलाई व्यवस्थित गर्न यसै कार्यविधिको अनुसूची- १ मा व्यवस्था गरिएको टोलस्तरीय संस्थाको विधान पारित गरि माथि उल्लेखित दफा ३ मा व्यवस्था भए बमोजिम पदाधिकारीहरु रहने गरि प्रत्येक टोलमा सर्वसम्मत रुपमा छुट्टाछुट्टै टोलस्तरीय संस्था गठन हुनेछ । यसरी गठनका लागि भएको भेलाले टोलस्तरीय संस्थाको नामाकरण गर्नेछ ।

५. टोलस्तरीय संस्था कार्य समितिको पदावधि २ वर्षको हुनेछ ।

६. एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति तथा उनको आफ्नो घरपरिवारका सदस्य (आमा, बुवा, श्रीमान, श्रीमती र छोराछोरी) पुनः अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष पदमा लगत्तै दुइ वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैनन । कार्यसमितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष पद मध्ये कुनै एक पदमा महिला अनिवार्य हुनुपर्नेछ ।

७. टोलस्तरीय संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीहरुलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ । सो सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिने छ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्नेछ ।

८. साधारण सभा यस संस्थाको सर्वोच्च अंग हुनेछ । साधारण सभाको बैठक सामान्यतया वर्षमा एक पटक बस्नेछ । यस कार्यविधी बमोजिम बनेका कार्य समितिका सदस्यहरु र साधारण सदस्यहरुको उपस्थितिबाट साधारण सभा हुनेछ ।

९. कार्य समितिको निर्णयबाट साधारण सभा बोलाईनेछ। प्रत्येक वर्ष साधारण सभाको बैठक सामान्यतया आर्थिक वर्षको पहिलो चौमासिक भित्र सम्पन्न गराईसक्नुपर्नेछ।

१०.साधारण सभाको प्रत्येक बैठकमा कार्य समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन्। कार्य समितिको सचिवले साधारण सभाको सचिवको काम गर्नेछ।

११. साधारण सभाको बैठक बस्ने मिति, समय र स्थानको सूचना र विषयसूची बैठक बस्ने दिनभन्दा कम्तीमा पन्ध्र दिन अगावै कार्य समितिको अध्यक्षको निर्देशनमा सचिवले साधारण सभाका सबै सदस्यहरुलाई जानकारी पठाउनुपर्नेछ।

१२. साधारण सभाको बैठकमा सकेसम्म शत्प्रतिशत उपस्थिति गराउनुपर्नेछ। सो हुन नसकी तत्काल दोश्रोपटक बैठक बोलाउनु पर्ने भएमा तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ। दोश्रोपटक पनि गणपुरक संख्या नपुगेमा तेश्रो पटक बैठक बोलाउनु पर्नेछ, उक्त बैठकमा कूल कायम रहेको सदस्य संख्याको ३३ प्रतिशत उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ।

१३. साधारण सभाका एक तिहाई सदस्यहरुले कुनै खास विषयमा छलफल गर्न बैठक बोलाई पाउँ भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको मितिले तीस दिनभित्र साधारण सभाको विशेष बैठक बोलाउनुपर्नेछ।

१४. साधारण सभामा सदस्यहरुले समान रुपमा भाग लिनसक्नेछन् र सबैलाई मतदानको अधिकार हुनेछ।

१५. टोल स्तरीय संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसूचि १ मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नुपर्नेछ। उक्त विधानलाई टोलस्तरीय संस्थाको प्रथम साधारण सभाबाट सर्वसम्मत रुपमा पारित गराउनुपर्नेछ।

## १०. **साधारण सभाको काम कर्तव्य र अधिकार :**

१. निर्देशिका बमोजिम कार्य समितिमा पदाधिकारीहरुको चयन गर्ने।

२. संस्थाको काम कार्वाही एवं संस्थाको कार्य प्रगतिको समिक्षा गर्ने र कार्य समितिलाई आवश्यक निर्देशन दिने।

३. संस्थाको वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी अनमोदन गर्ने।

४. संस्थाको वार्षिक कार्यक्रम अनुमोदन गर्ने। संस्थाका लागि आवश्यक कर्मचारीहरुको दरबन्दी स्वीकृत गरी नियुक्तिको मापदण्ड तय गर्ने।

५. लेखा परिक्षकको नियुक्ति गर्ने, पारिश्रमिक तोक्ने वा उक्त प्रयोजनका लागि कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

६. यस संस्थाद्वारा संचालित कार्यक्रमका लागि आवश्यक ठानेमा संस्थाको विधानको अधिनमा रही विभिन्न उपसमितिहरु गठन गर्ने वा गठन गर्नका लागि कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
७. संस्थाका पदाधिकारी तथा सदस्य विरुद्ध दर्ता भएको अविश्वासको प्रस्ताव, संस्थाको आर्थिक, भौतिक सम्पतिको हिनामिना वा दुरुपयोगको आरोप र संस्थाको हित विपरित अवान्छनिय कृयाकलाप गरेको आरोप माथि छलफल तथा निर्णय गरी कार्यवाहीका लागि सिफारिस गर्ने ।
८. कार्य समितिले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनको समिक्षा गरी अनुमोदन गर्ने ।
९. संस्थाको अधिकतम हितको लागि विभिन्न कार्यहरु गर्ने ।
१०. अविश्वासको प्रस्ताव उपर छलफल गरी निर्णय प्रदान गर्ने ।
११. आरोपित पदाधिकारीहरुको छानविन सम्बन्धमा कार्य समितिले उपसमिति गठन गरी अधिकार प्रत्यायोजन गर्नसक्नेछ र आरोपित व्यक्तिले पुर्नविचारका लागि अपिल वा पुनरावेदन गर्न पाउनेछ ।

## ११. टोलस्तरीय संस्था कार्यसमितिको बैठक व्यवस्थापन सम्बन्धि काम र अधिकार :

१. कार्यसमितिको कार्यकाल २ बर्षको हुनेछ ।
२. कार्यसमितिको बैठक अध्यक्षले बोलाउनेछ र यसको अध्यक्षता समेत अध्यक्षले गर्नेछ । कम्तिमा महिनाको एक पटक तथा आवश्यकता अनुसार बढि पनि बस्न सक्नेछ । कुनै विषयमा बैठक बसी निर्णय गर्न आवश्यक छ भनी जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक बोलाउनु पर्नेछ ।
३. साधारणसभा हुनु अगावै कार्यसमितिको सदस्यको कुनै पद रिक्त हुन आएमा बाँकी अवधिका लागि रिक्त सदस्यको पदपूर्ति कार्य समितिद्धारा गर्न सकिने छ ।
४. सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित् भएमा बैठकको गणपुरक संख्या मानिनेछ ।
५. कार्यसमिति बैठकको अध्यक्षता समिति अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि नभएमा सचिवले बैठकको अध्यक्षता गर्नेछन् ।
६. कार्यसमितिको बैठकमा पेश भएका विषयहरुमा सर्वसम्मतद्धारा निर्णय गर्ने प्रयास गरिनेछ तर सम्भव नभएमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।
७ कार्यसमितिको बैठकमा छलफल भएको विषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण निर्णय पुस्तिकामा लेख्नुपर्नेछ र सो निर्णयमा बैठकमा उपस्थित् सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

८. संस्थाले गर्ने भनिएका सम्पूर्ण कार्यहरु कार्यसमितिको बैठकबाट निर्णय गरी कार्यान्वयन गरिनेछ ।

## १२. टोलस्तरीय संस्थाले गर्नुपर्ने काम

टोलस्तरीय संस्थाले आफ्नो टोलको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ ।

१. टोलको श्रोत र निर्णय प्रक्रियामा सबै टोलबासीहरुको पहुँच र सहभागिताको लागि समान अधिकार प्रदान गर्ने ।
२. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासका लागि सहजीकरण गर्ने ।
३. टोलमा सम्पन्न हुने विकास निर्माणका कार्यहरुमा अनिवार्य जनश्रमदानका लागि टोलवासीहरुलाई परिचालन गर्ने ।
४. टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम सदुपयोग गर्ने ।
५. टोलबासीहरुको प्रत्यक्ष सहभागितामा टोलमा सामुदायिक केन्द्रको स्थापना गर्ने ।
६. टोलको सामूहिक समस्याहरुको पहिचान र श्रोतहरुको प्राथमिकताका आधारमा टोलस्तरीय विकासको योजना तर्जुमा गर्ने ।
७. सामजिक विकृतिका रुपमा रहेका अन्धविश्वास, वाल विवाह, दाइजो, घरेलु हिंसा, मानव वेचविखनका विरुद्धमा अभियान संचालन गर्ने ।
८. संघ, प्रदेश सरकारहरु तथा नगरपालिकाका प्रवर्द्धनात्मक अभियानहरुमा टोल वासीहरुलाई सक्रियतापुर्वक सहभागिता गराउने । साथै सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने ।
९. टोल भरिको विभिन्न प्रकारका आर्थिक तथा सामाजिक तथ्यांकहरु अध्यावधिक गरि सूचना अभिलेख राख्ने । सूचना अभिलेखीकरणमा सहभागीतामूलक ग्रामिण लेखाजोखा (पिआरए) औजारहरुको प्रयोग गरि सामाजिक नक्सा तथा श्रोत नक्सा बनाउने ।
१०. सहभागीमुलक योजना तर्जुमा प्रक्रियाबाट योजनाहरुको पहिचान गरि वडामा सिफारिस गर्ने ।
११. टोलमा सम्पन्न हुने सरकारी तथा गैरसरकारी संस्थाहरुको योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।
१२. टोलमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोलस्तरीय संस्था मार्फत संचालन हुने वातावरण श्रृजना गर्ने ।
१३. टोललाई वातावरणमैत्री बनाउन तथा प्रकोप पूर्व तयारी योजना बनाइ प्रकोपको जोखिम न्यूनिकरण गर्ने कार्यक्रमहरु गर्ने ।

१४. टोल तथा वडालाई बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१५. टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयहरुमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

१६. टोलमा रहेका सार्वजनिक तथा सरकारी जग्गा, भवन तथा श्रोतहरुको संरक्षणमा वडा तथा उप-महानगरपालिकालाई सहयोग गर्ने ।

१७. उप-महानगरपालिकाको आन्तरिक श्रोत तथा राजस्व परिचालनका लागि सहयोग गर्ने ।

१८. टोलस्तरीय संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरिक्षण गराउने ।

१९. टोलवासीहरुमा आपसी सद्भाव र मेलमिलापको वातावरण बनाउने सकारात्मक सोचका कार्यक्रमहरु संचालन गर्ने ।

२०. टोलवासीहरुलाई जिम्मेवार नागरिक बनाउनका लागि आचारसंहिता निर्माण गर्ने र परिपालना गराउने कार्य गर्ने ।

२१. उप-महानगरपालिका संग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

२२ सबै टोलवासीहरुको उपस्थितीमा कार्यसमितिको विस्तारित बैठक प्रत्येक ४ (चार) महिनामा १ (एक) पटक बस्नुपर्नेछ । यस प्रकारको बैठकमा वडा अध्यक्ष तथा सदस्यहरुलाई आमन्त्रित गर्नुपर्नेछ ।

२३. सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनुपर्नेछ ।

**१३. वडास्तरीय टोल समन्वय समितिको गठन**

१. प्रत्येक वडामा गठन भएका सवै टोलस्तरीय संस्थाको कार्य प्रभावकारी रुपमा संचालन गर्नका लागि हरेक वडामा देहाय बमोजिम वडा स्तरीय टोल समन्वय समिति गठन हुनेछ ।

(क) अध्यक्ष- १ (ख) उपाध्यक्ष- १ (ग) सचिव- १ (घ) सह-सचिव- १ (ड.) कोषाध्यक्ष- १ (च) सदस्यहरु- ४ समेत जम्मा ९ जना ।

२. प्रत्येक टोलस्तरीय संस्था बाट ५ जना प्रतिनीधिका दरले सवै टोलबाट प्रतिनीधित्व हुने गरि वडास्तरीय टोल समन्वय समितिको साधारण सभा हुनेछ ।

३. **अवधि :** गठन भएको मितिले २ वर्षको हुनेछ ।

**१४. नगर स्तरीय टोल समन्वय समितिको गठन**

१. सवै वडामा गठन भएका वडास्तरीय टोलहरुको कार्य प्रभावकारी र समन्वयात्मक ढंगले अघि बढाउन देहाय बमोजिम टोल समन्वय समिति गठन हुनेछ ।

(क) अध्यक्ष- १ (ख) उपाध्यक्ष- १ (ग) सचिव- १ (घ) सह-सचिव- १ (ङ.) कोषाध्यक्ष- १ (च) सदस्यहरु- २३ समेत जम्मा २९ जना ।

२. प्रत्येक वडास्तरीय टोल समन्वय समितिले आफ्नो वडा बाट छानेका ५ जना प्रतिनीधिका दरले हुने जम्मा सदस्य संख्या नगरस्तरीय टोल समन्वय समितिको साधारण सभाको सदस्य हुनेछन् ।

३. **अवधि :** गठन भएको मितिले २ वर्षको हुनेछ ।

**१५..बाहृय सम्बन्ध विस्तार :**

१. टोलविकासको लागि सहयोग पुर्‍याउने दातृ निकाय, संघ संस्था, संगठन तथा अन्य निकायहरु संग सुमधुर सम्बन्ध कायम गरि टोलविकासका गतिविधिहरु संचालन गरिने छन् ।

**१६. अन्तरसम्बन्ध विकास :**

१. वडा तथा उप-महानगरपालिका संग समन्वय राखि टोल वस्तीको विकास तथा समस्या समाधानमा टोलस्तरीय संस्थाले सक्रिय भूमिका खेल्नेछ ।

२. वडा तथा उप-महानगरपालिकाले संचालन गर्ने सामाजिक तथा विकास निर्माणका कार्यक्रमहरुमा समन्वय तथा सक्रिय सहभागिता र समस्या समाधानमा भाग लिने छ ।

३. वडा तथा उप-महानगरपालिका संग सुमधुर सम्बन्ध कायम गरि सहभागितात्मक नगर विकास योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा सहयोग पुर्‍याई नगर विकासको कार्यमा टोलको श्रोत र साधनको समुचित परिचालन गरि जनसहभागिताको माध्यमवाट सहयोग गर्ने ।

४. अन्य टोलस्तरीय संस्थाहरु संग सम्बन्ध विस्तार गरि टोलविकास वडा समन्वय समिति र नगर समन्वय समिति संग समन्वय गरि आफ्नो टोलको विकास कार्य गर्न सहयोग लिने दिने ।

**१७. टोल स्तरीय संस्थाका कार्यसमितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**१. अध्यक्षको काम, कर्तव्य र अधिकार**

क.. संस्थाको नियमित बैठक बोलाउने ।

ख. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

ग. बैठकमा छलफलका विषयहरु टिपोट गर्ने र जानकारी गराउने ।

घ. छलफलमा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने । निर्णयहरु लागु गर्ने र गराउने ।

ङ. विकास कार्यमा सबैलाई परिचालन गरी नेतृत्व प्रदान गर्ने ।

च. संस्थाले आर्जन/प्राप्त गरेको नगद तथा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।

छ. कार्यविधि तथा संस्थाको विधान अनुसार अन्य कार्यहरु गर्ने ।

**(२) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार**

क. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

ख. एक तिहाइ सदस्यहरुले बैठक बोलाउन लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

ग. बैठकमा प्रस्तावहरु संकलन गर्ने । बैठकको निर्णय पुस्तिकामा निर्णय लेखी प्रमाणित गराउने ।

घ. संस्थाको क्रियाकलापका बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

ङ. विस्तारित बैठक र साधारण सभामा संस्थाका क्रियाकलापहरु समेटेर प्रतिवेदन लेख्ने ।

च. तोकिएका अन्य कार्यहरु गर्ने ।

**३. संस्थाका कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

क. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

ख. खर्चको लेखा परीक्षण गरायने ।

ग. बैंकमा खाता संचालन गर्दा संयूक्त रुपमा खाता संचालन गर्ने ।

घ. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिइ सुरक्षा गर्ने ।

**४. संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार**

क. गाउँपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।

ख. तोकिएका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद- ४
## आर्थिक व्यवस्थापन

**१८. आर्थिक व्यवस्थापन**

टोलस्तरीय संस्थाको आम्दानी, खर्च, नाफा, लेखा र लेखापरीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

**१. टोलस्तरीय संस्थाको आम्दानी**

क. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदान ।

ख. टोल स्तरीय संस्थाले आयमुलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

ग. संस्थाको विकास निर्माणका लागि टोलस्तरीय कोषको रुपमा टोलस्तरीय संस्थाको

आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याइएको रकम ।

घ. संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम ।

**२. टोलस्तरीय संस्थाको खर्च**

क. संस्थाको विकास निर्माणका लागि टोलस्तरीय संस्थाको निर्णयानुसार कोषको रकम खर्च हुनेछ ।

ख. संस्था संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोलस्तरीय संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

**३. टोलस्तरीय संस्थाको नाफा**

क. टोलस्तरीय संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

ख. नाफा संस्थाको निर्णय अनुसार टोल विकासका लागि खर्च गरिनेछ ।

**४. टोलस्तरीय संस्थाको लेखा :** संस्थाको लेखा देहाय बमोजिम हुनेछ ।

क. कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

ख. कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोलस्तरीय संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

**५. टोलस्तरीय संस्थाको लेखापरिक्षण :** संस्थाको लेखापरिक्षण देहाय बमोजिम हुनेछ ।

क. संस्थाले नियुक्त गरेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

ख. आवश्यकता अनुसार, वडा तथा नेपालगन्ज उपमहानगरपालिकाले संस्थाको आम्दानी र खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।

ग. संस्थाले आफ्नो बार्षिक लेखापरिक्षणको प्रतिवेदन सम्बन्धित वडा कार्यालय तथा उप-महानगरपालिकामा पेश गर्नुपर्दछ ।

**१९. <u>सेवा बन्द सम्बन्धि व्यवस्था</u> :** देहायको अवस्थामा उप-महानगरपालिका बाट प्रदान गरिने कुनै नगरवासीको सेवा बन्द गर्न सकिनेछः

१. बालश्रमको प्रयोग तथा बाल दूर्व्यवहार, महिला हिंसाजन्य कार्यमा कुनै व्यक्ति संलग्न भएको पाईएमा टोलस्तरीय संस्थाको सिफारिसका आधारमा,

२. तोकिएको निश्चित स्थान बाहेक सार्वजनिक स्थानमा व्यक्तिगत फोहोरमैला फालेमा, खुला दीसा, पिसाव गरि दूर्गन्ध फैलाएमा वा फैलाएको कुरा टोलस्तरीय संस्थाले ठहर गरेमा ।

३. व्यक्तिगत शौचालयको निर्माण र प्रयोग नगरेमा ।

उल्लेखित अवस्था बारे टोस्तरीय संस्थाको सिफारिस अनुसार वडा समिति कार्यालय बाट स्थलगत बुझि एकीन ठहरेमा न.पा.बाट प्रदान गरिने सबै सेवा बन्द गर्न सक्नेछ ।

**२०. विविध**

१. यो कार्यविधि प्रचलित नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, कानून विपरित भएको पाईएमा वा बाझिएमा बाझिएका हदसम्म स्वतः बदर हुनेछ ।

२. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाको  निर्णयानुसार विवाद समाधान गरिनेछ ।

३. टोलस्तरीय संस्था गठन तथा परिचालन सम्बन्धि प्रस्तावित विधान अनुसूची - १ मा व्यवस्था गरिएकोछ ।

४. यस अघी गठन भएका टोलस्तरीय संस्थाको सञ्चालन तथा परिचालन यसै कार्यविधी बमोजिम भएको मानिनेछ ।

## परिच्छेद- ५
## अनुसूचीहरु

# अनुसूचि १

## ………… टोल स्तरीय संस्थाको विधान

**प्रस्तावना :**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपुरकको रुपमा विकसित गरि गरिबी अन्त्यको प्रयासमा ठोस योगदान पुरयाउन, वडा नं. …. लाई समृद्ध बनाउन, सहभागितामूलक योजना तर्जुमा गर्न तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गरी सबै टोलबासीहरुलाई सुखि र खुसी राख्न यो ……….. टोलस्तरीय संस्था स्थापना गरी संचालन गर्न वाञ्छनीय देखिएकोले मिति ………….गते बसेको ……….टोलस्तरीय संस्थाको साधारण सभाबाट यो विधान स्वीकृति गरि लागू गरिएको छ ।

**१. प्रारम्भिक**

**संक्षिप्त नाम र प्रारम्भ**

१. यो विधान …………… टोलमा गठन भएको ……….टोलस्तरीय संस्थाको विधान हुनेछ ।

२. यो संस्थाको नाम …………… टोलस्तरीय संस्था हुनेछ ।

३. यो विधान …………… टोलस्तरीय संस्था नेपालगन्ज उपमहानगरपालिकाको …नं. वडा कार्यालयमा दर्ता भएको मितिदेखि लागु हुनेछ ।

४. यस टोलस्तरीय संस्थाको कार्यालय नेपालगञ्ज उप-महानगरपालिकाको …. नं. वडाको ……….टोल, वस्तीमा रहनेछ ।

५. यस टोलको सीमाना …..नं. वडा कार्यालयले तोकि दिएका आधारमा देहाय बमोजिम हुनेछ ।

पूर्व …………   पश्चिम ……………………

उत्तर ……………………. र दक्षिण …………………

**२. परिभाषा**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा**

१. संस्था भन्नाले ………………..टोलस्तरीय संस्थालाई सम्झनुपर्छ ।

२. विधान भन्नाले …………… टोलस्तरीय संस्थाको विधान सम्झनुपर्छ ।

३. साधारणसभा भन्नाले ……..टोलस्तरीय संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

४. समिति भन्नाले …..टोलस्तरीय संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

५. बैठक भन्नाले ……..टोलस्तरीय संस्थाको बैठक सम्झनुपर्दछ ।

६. पदाधिकारी भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई सम्झनुपर्छ ।

## ३. संगठित संस्था हुने

१. संस्थाको छुटटै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

२. संस्थाले चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ती विक्रि गर्न पाउने छैन । संस्था विगठन भएमा सो सस्थाको सम्पूर्ण चल अचल सम्पत्ती ... नं. वडा कार्यालयमा हस्तान्तरण हुनेछ ।

## ४. संस्थाका उद्देश्यहरु

१. टोलस्तरमा सक्षम, दिगो र कर्तव्यमूखी स्वायत्त संस्थाको विकास गर्ने ।

२. स्थानीय स्तरका विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायलाई परिचालन गर्ने ।

३. समृद्ध टोल निर्माणमा आपसी भाइचारा र सद्भाव बढाउदै सबै टोलबासीहरुलाई सकारात्मक योगदानका लागि परिचालन गर्ने ।

४. संस्थालाई सहभागितामुलक योजना तर्जुमा, विकास योजनाहरुको अनुगमन र मूल्यांकन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

५. आर्थिक, सामाजिक तथा राजनीतिक सवालहरुमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने ।

## ५. टोलस्तरीय संस्थाको कार्य समितिको गठन :

१. वडाको बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारहरुका सदस्यहरुबाट टोलस्तरीय संस्था गठन गरिनेछ ।

२. पहिलोपटकका लागि टोलस्तरीय संस्थाको कामलाई व्यवस्थित गर्न टोलस्तरीय संस्थाको व्यापक भेला अर्थात् साधारण सभाबाट अध्यक्ष, उपाध्यक्ष्य, सचिव, सह-सचिव र कोषाध्यक्ष १ जनाका दरले ५ जना साथै ६ जना सदस्य गरि जम्मा ११ जनाको टोलस्तरीय संस्था गठन हुनेछ । यसै भेलाको बैठकबाट सर्वप्रथम संस्थाको नामाकरण गरिनेछ ।

३. टोलस्तरीय संस्था कार्य समितिको अवधि २ (दुई) वर्षको हुनेछ ।

४. एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति तथा उनको आफ्नो घरपरिवारका सदस्य (आमा, बुवा, श्रीमानश्रीमती, छोराछोरी ) पुन अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्यसमितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य महिला हुनुपर्नेछ ।

५. टोलस्तरीय संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीहरुलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ । सो सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल स्तरीय संस्था गठन गरिने छ ।

६. **टोलस्तरीय संस्थाका कार्यहरु :** टोलस्तरीय संस्थाको कार्यविधीमा उल्लेखित उद्धेश्य र तोकिएको कामको अलावा संस्थाको कार्यहरु देहाय बमोजिम हुने छन् ।

१. टोल भित्र आपसी सम्मान, मेलमिलाप, भाइचारा र सामाजिक सद्भाव कायम राख्न भूमिका खेल्ने ।

२. टोलका सदस्यहरुलाई उद्यमशीलता विकास गरी आर्थिक समुन्नतीको मार्ग तर्फ डोरयाउन सहजीकरण गराउने ।

३. टोलमा आइपरेका समस्याहरु समाधान गर्न सहभागीमूलक ढंगले छलफल गर्ने । उपलब्ध श्रोतको समूचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोलस्तरीय विकासको योजना वनाउने ।

४. विभिन्न खाले विकृति विसंगती तथा अन्धविश्वासका विरुद्ध टोलवासीहरुलाई सचेत बनाउने ।

५. हरियाली र वातावरणमैत्री टोल निर्माणका लागि सार्वजनिक स्थलहरुमा बृक्षारोपण गर्ने । वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने ।

६. आफ्नो टोललाई बालश्रममुक्त, वालविवाहमुक्त गरि वालमैत्री टोल बनाउन सृजनात्मक कार्यक्रमहरु गर्ने ।

७. आफ्नो आफ्नो टोललाई महिलामैत्री, अपाङ्गतामैत्री, महिलाहिंसा रहित टोल निर्माणका लागि उपयुक्त वार्षिक योजना बनाई कार्यान्वयनका लागि वडा कार्यालय संग आवश्यक समन्वय गर्ने ।

८. आफ्नो टोल, वस्तीको विपद् पूर्वतयारी योजना बनाउने । सो बमोजिम विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनमा सक्रियतापुर्वक खटिने ।

९. उप-महानगरपालिकाद्धारा जारी भएका विभिन्न ऐन, नियम, कार्यविधीमा उल्लेखित प्रावधानका वारेमा टोलवासीहरुमा छलफल, जानकारी गराउने । व्यक्तिगत घटना दर्ता, भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता जस्ता सरोकारका विषयहरुमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

१०. आफ्नो टोल वस्तीलाई नमूना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

११. हरित गाउँ, उज्यालो वडा, व्यवस्थित वडा लगायतका अभियानमा सहयोग गर्ने ।

१२. टोलमा रहेका सार्वजनिक, पर्ती, ऐलानी आदि जग्गाको संरक्षणमा वडा तथा उप-महानगरपालिकालाई सहयोग गर्ने ।

१३. उप-महानगरपालिका तथा वडा कार्यालयसंग भएका समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

**७. सदस्यता :**

**संस्थाको सदस्यता प्राप्ति देहाय बमोजिम हुनेछ ।**

१. नेपालगञ्ज उप-महानगरपालिकाद्धारा स्वीकृत भएको कार्यविधीका साथै यस संस्थाको

विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

२. सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकको ढाँचामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

३. सदस्यता शुल्क रु. १००।- (अक्षेरुपी एकसय) टोलस्तरीय संस्थामा बुझाउनुपर्नेछ यसरी बुझाउंदा नगदी रसिद उपलब्ध गराउनुपर्नेछ ।

४. एक घर एक सदस्यको अवधारणा अनुसार टोलका सबै घरधुरिहरु टोल विकास संस्थामा आवद्ध भएका हुनेछन् ।

**<u>८. सदस्यता समाप्ति</u>**

देहायको अवस्थामा टोलस्तरीय संस्थाको सदस्यता कायम रहने छैन ।

१. सदस्यको मृत्यु भएमा ।

२. सदस्यता परित्यागको लागि दिईएको लिखित निवेदन अनुसार टोलस्तरीय संस्थाले राजीनामा स्वीकृत गरेमा ।

३. विधानमा तोकिएको सदस्यता शुल्क टोलस्तरीय संस्थामा नबुझाएमा ।

४. संस्थाको विधान तथा निर्णय विपरितका आचरण प्रदर्शन गरेमा संस्थाले निर्णय गरि सदस्यता ६ महिनाका लागि खारेज गर्न सक्नेछ । उक्त समय पश्चात् कुनै व्यक्तिद्धारा विगतमा गरेको गल्तीलाई आत्मसात गरि आगामी दिनमा त्यस प्रकारको काम नगर्ने प्रतिवद्धता सहित सदस्यता माग गरेमा टोलस्तरीय संस्थाको निर्णयद्धारा सदस्यता दिन सक्नेछ ।

५. आवासीय घर अथवा मतदाता नामावलीमा कुनै व्यक्तिको नाम नरहेको/नभएमा ।

**<u>९. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार</u>**

**१. अध्यक्षको काम, कर्तव्य र अधिकार**

क. संस्थाको नियमित बैठक बोलाउने ।

ख. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

ग. बैठकमा छलफलका विषयहरु टिपोट गर्ने र जानकारी गराउने ।

घ. छलफलमा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने । निर्णयहरु लागु गर्ने र गराउने ।

ङ. विकास कार्यमा सबैलाई परिचालन गरी नेतृत्व प्रदान गर्ने ।

च. संस्थाले आर्जन/प्राप्त गरेको नगद तथा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।

छ. कार्यविधि तथा संस्थाको विधान अनुसार अन्य कार्यहरु गर्ने ।

**२. संस्थाको सचिवको काम, कर्तव्य र अधिकार**

क. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

ख. एक तिहाइ सदस्यहरुले बैठक बोलाउन लिखित माग गरेमा विधान बमोजिम बैठक

बोलाउने ।

ग. बैठकमा प्रस्तावहरु संकलन गर्ने । बैठकको निर्णय पुस्तिकामा निर्णय लेखी प्रमाणित गराउने ।

घ. तोकिएका अन्य कार्यहरु गर्ने ।

**३. संस्थाका कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

क. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

ख. खर्चको लेखा परीक्षण गराइने ।

ग बैकमा खाता संचालन गर्दा संयूक्त रुपमा खाता संचालन गर्ने ।

घ. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिइ सुरक्षा गर्ने ।

**४ संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार**

क. नगरपालिका तथा वडा संग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु ।

ख. तोकिएका अन्य कार्यहरु गर्ने ।

**१०. टोलस्तरीय संस्थाको कार्य समितिको बैठक**

टोलस्तरीय संस्थाको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

१. टोल स्तरीय संस्थाका सदस्यहरुको हित, सहयोग, समन्वय र परिचालनका लागि कार्यसमितिको बैठक महिनामा १ (एक) पटकमा नघट्ने गरि बस्नेछ । सबै टोलवासीहरुको उपस्थितीमा कार्यसमितिको वृहत बैठक प्रत्येक ४ (चार) महिनामा १ (एक) पटक बस्नुपर्नेछ ।

२. समितिको बैठकमा वडा अध्यक्ष तथा सदस्यहरुलाई आमन्त्रित गर्नुपर्ने छ ।

३. सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनुपर्नेछ ।

**११. साधारण सभाको गठन र कार्यप्रणाली**

**साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछ ।**

१. संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुने छ ।

२. साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितीमा संस्थाको उपाध्यक्षले गर्नेछ ।

३. साधारण सभा टोलस्तरीय संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१ संस्थाको नीतिगत निर्णयहरु गर्ने ।

२. लेखापरिक्षक नियुक्ति गर्ने ।

३. संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

४. कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

५. कार्यसमिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र दिने ।
६. संस्थाको विधान संशोधन गर्ने ।
७. आवश्यकताअनुसार सल्लाहकार मनोनयन गर्ने । संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्थापन**

टोलस्तरीय संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखापरीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

**१. टोलस्तरीय संस्थाको आम्दानी**

क. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हने सहायता तथा अनुदान ।
ख. टोलस्तरीय संस्थाले आयमुलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।
ग. संस्थाको विकास निर्माणका लागि टोलस्तरीय कोषको रुपमा टोलस्तरीय संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याइएको रकम ।
घ. संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम ।

**२. टोलस्तरीय संस्थाको खर्च**

क. संस्थाको विकास निर्माणका लागि टोलस्तरीय कोषमा रहेको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।
ख. संस्था संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोलस्तरीय संस्थाको निर्णय बमोजिम खर्च हुनेछ ।

**३. टोलस्तरीय संस्थाको नाफा**

क. टोलस्तरीय संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।
ख. नाफा संस्थाको निर्णय अनुसार टोल विकासको कार्यमा खर्च गरिनेछ ।

**४. टोलस्तरीय संस्थाको लेखा**

संस्थाको लेखा देहाय बमोजिम हुनेछ ।

क. कोषाध्यक्षले सबै प्रकारको नकदी तथा जिन्सी आम्दानी, विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।
ख. कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

**५ लेखापरिक्षण**

संस्थाको लेखापरिक्षण देहाय बमोजिम हुनेछ ।

क. संस्थाले नियुक्त गरेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

ख. आवश्यकता अनुसार, वडा कार्यालयले संस्थाको आम्दानी खर्च लेखापरीक्षण गर्न सक्नेछ ।

ग. संस्थाले आफ्नो बार्षिक लेखापरिक्षणको प्रतिवेदन वडा कार्यालयमा पेश गर्नुपर्दछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजीनामा**

क. समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष लिखित निवेदन दिन सक्नेछन् ।

ख. अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ । यसरी पेश भएको राजीनामाका सम्बन्धमा टोलस्तरीय संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्यसमितिलाई अविश्वासको प्रस्ताव**

क. कार्यसमितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ५० प्रतिशत साधारण सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन । अविश्वासको प्रस्ताव उपर छलफल गरी निर्णय गर्दा बहुमतलाई भन्दा सर्वसम्मतलाई विशेष जोड दिइनेछ ।

**१६. विविध**

क. यस विधानको कुनै प्रावधानमा संशोधन, थपघट गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमतको निर्णयबाट विधान संशोधन गर्न सकिनेछ ।

ख. प्रचलित नेपालको संविधान, संघीय, प्रादेश तथा स्थानीय तहद्धारा जारी गरिएका ऐन, नियम तथा कानून विपरित भएको पाईएमा वा बाझिएमा बाझिएका हदसम्म स्वतः बदर हुनेछ ।

ख. टोलस्तरीय संस्थाको गठन तथा सञ्चालनका सम्बन्धमा कुनै पनि द्धिविधा भएमा वा यस विधानमा उल्लेख नभएको विषयको हकमा टोलस्तरीय संस्था गठन तथा सञ्चालन कार्यविधी, २०७८ मा व्यवस्था भए बमोजिम हुनेछ ।

## <u>अनुसूचि - २</u>

## टोलस्तरीय संस्थालाई नेपालगन्ज उप-महानगरपालिका अन्तर्गत् वडा कार्यालयमा दर्ता गर्ने निवेदनको ढाँचा

मिति :..................

श्रीमान् अध्यक्ष ज्यू,

....... नं. वडा, नेपालगन्ज उपमहानगरपालिका

**विषय : टोलस्तरीय संस्था दर्ता गरिपाउँ ।**

उपरोक्त सम्बन्धमा नेपालगन्ज उपमहानगरपालिका संचालित वडा नं. .... ... को ........ .......... ............. टोलमा गठन गरिएको ... ..... ....... ........... ............ टोलस्तरीय संस्थालाई वडा कार्यालयमा दर्ता गरिदिनहुन अनुरोध गर्दछु । यस टोलस्तरीय संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सीमित रहनेछ ।

पूर्व सीमाना .................

पश्चिम सीमाना................

उत्तर सीमाना..................

दक्षिण सीमाना .................

जम्मा घरधुरी संख्या ..........

**<u>भवदिय</u>**

...............
अध्यक्षको नाम :
टोलस्तरीय संस्थाको नाम :
ठेगाना :

## <u>अनुसूचि ३</u>

**नेपालगन्ज उप-महानगरपालिका**

**... नं. वडा कार्यालय, नेपालगञ्ज, बाँके**

**दर्ता नं.**

**मिति :**

**<u>दर्ता प्रमाण-पत्र</u>**

नेपालगन्ज उप-महानगरपालिका वडा नं. ....... को मिति.................गते बसेको बैठकबाट भएको निर्णय अनुसार श्री ................. .......................... टोलस्तरीय संस्थालाई दर्ता गरि यो प्रमाण-पत्र प्रदान गरिएको छ ।
यस वडाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन लगायतका क्षेत्रमा यस टोलस्तरीय संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतीको कामना गर्दछु ।

............
**वडा अध्यक्ष**

**आज्ञाले,**
**गुरुदत्त सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : ईति सम्वत २०७८ साल पौष १३ गते रोज ३ मा शुभम् ।**